## निर्णय नं. १. सूचनाको हक कार्यान्वयनको समीक्षा सम्बन्धमा

यस सम्बन्धमा देहायबमोजिम निर्णय गरियोः–

क. सूचना अधिकारीको अघिल्ला बैठकका निर्णय कार्यान्वयनको अवस्था सामान्य रहेको पाइयो ।

ख. हरेक कार्यालयका सूचना अधिकारीले बैठकको निर्णय कार्यान्वयनको प्रगति आवश्यकतानुसार जिल्ला प्रशासन कार्यालयमा अनिवार्य पठाइसक्नुपर्ने ।

ग. निर्णय कार्यान्वयनको प्रगति विवरण देहायको ढाँचामा हुनुपर्नेः–

| **क्र.सं.** | **बैठकको मिति, निर्णय नं., विषय र निर्णयको व्यहोरा** | **निर्णय कार्यान्वयनको लागि गरिएका व्यवस्था, कार्यान्वयनको अवस्था र प्रगति (बुँदागत रूपमा)** | **कैफियत** |
|---|---|---|---|
| | | | |

## निर्णय नं. २. सूचनाको हक कार्यान्वयनका मुख्य समस्याको पहिचान तथा सम्बोधन सम्बन्धमा

यस सम्बन्धमा देहायका मुख्य समस्याहरू पहिचान गरी सम्बोधनका निर्णय गरियोः–

**<u>मुख्य समस्याहरू</u>**

**क. प्रक्रियागत समस्या**

- सूचनाको हक माग गर्ने सन्दर्भमा कस्तो निवेदन स्वीकार गर्ने ? कस्तो निवेदनलाई अंग पुगेको मान्ने ?
- सूचना दिन नसकिने तथा नमिल्ने सूचना भए सो सम्बन्धमा के गर्ने ? जस्ता समस्या देखिएको ।

हेमराज तामाङ
प्रमुख जिल्ला अधिकारी

नेपाल सरकार
गृह मन्त्रालय
जिल्ला प्रशासन कार्यालय
सल्यान

हेमराज तामाङ
प्रमुख जिल्ला अधिकारी

**ख. जनशक्तिगत समस्या**

- जनशक्तिको कमी भई माग बमोजिम सूचना उपलब्ध गराउन नसकिएको ।

**ग. अभिलेखसम्बन्धी समस्या**

- पूराना विषयका सूचनाहरूको अभिलेख नहुँदा सूचना उपलब्ध गराउन समस्या भएको ।

**घ. सूचनाको गोप्यता सम्बन्धमा**

- प्रवाह गर्न नमिल्ने तथा गोपनीयताको हकविरूद्धका सूचना माग हुने गरेको ।

## समस्याको सम्बोधन

**क. प्रक्रियागत समस्याको सम्बोधन**

- नागरिकको हैसियतमा नेपाली नागरिकताको प्रमाणपत्रसहित निवदेन पेश हुनुपर्ने,
- नेपालको संविधान र सूचनाको हकसम्बन्धी ऐनविपरीत प्रवाह गर्न नमिल्ने सूचना माग भएकोमा त्यस्तो निवदेन अस्वीकार गर्न सकिने,
- विद्युतीय माध्यमबाट प्राप्त निवदेन स्वीकार गर्न सकिने,
- यदि निवदेन दर्ता भइसकेको र सूचना दिन नमिल्ने स्थिति भएकोमा सोही व्यहोरा खुलाई निवेदकलाई तोकिएको समयमा नै जवाफ दिने,
- माथिका विषयको अतिरिक्त सूचनाको हकसम्बन्धी ऐन, २०६४ र नियमावली, २०६५ बमोजिमका प्रक्रिया अवलम्वन गर्ने ।

**ख. जनशक्तिगत समस्याको सम्बोधन**

- कार्यालय प्रमुखले उपयुक्त जनशक्ति व्यवस्थापन गर्ने ।
- जनशक्तिका कारण सूचनाको हक कार्यान्वयन गर्न बाधा उत्पन्न हुन नदिने ।

हेमराज तामाङ
प्रमुख जिल्ला अधिकारी

नेपाल सरकार
गृह मन्त्रालय
जिल्ला प्रशासन कार्यालय
सल्यान

हेमराज तामाङ
प्रमुख जिल्ला अधिकारी

ग. **अभिलेखसम्बन्धी समस्याको सम्बोधन**

- पूराना सूचनाहरूको समेत् प्रभावकारी अभिलेख राख्न आवश्यक कामकारवाही गर्ने ।
- सबै किसिमका अभिलेखको सुरक्षा र उपलब्धता हुने गरी व्यवस्थापन गर्ने ।

घ. **सूचनाको गोप्यता सम्बन्धमा**

- संविधानको धारा २८ बमोजिम गोप्य राख्नुपर्ने सूचना र धारा २७ को प्रतिबन्धात्मक व्यवस्था अनुसार गोप्यता कायम गर्ने ।
- सूचनाको हकसम्बन्धी ऐन, २०६४ को दफा ३ को उपदफा (३) बमोजिम प्रवाह गर्न नमिल्ने सूचना प्रवाह एवम् प्रदान नगर्ने ।

## निर्णय नं. ३. स्वतः प्रकाशन गर्नुपर्ने सूचना प्रकाशन गर्ने सम्बन्धमा

यस सम्बन्धमा देहायबमोजिम निर्णय गरियोः–

क. सार्वजनिक निकायहरूले सम्पादन गरेका कार्यहरूको प्रगति विवरण सूचनाको हकसम्बन्धी ऐन, २०६४ को दफा ५ (३) र सो को नियमावली, २०६५ को नियम ३ बमोजिम प्रत्येक ३/३ महिनामा अद्यावधिक गरी स्वतः प्रकाशन गर्नुपर्ने व्यवस्थाबमोजिम सबै सार्वजनिक निकायहरूले २०७७ कार्तिक १ गतेदेखि पौषमसान्तसम्म सम्पादित कामको विवरण सार्वजनिक गर्ने व्यवस्था मिलाउने ।

हेमराज तामाङ
प्रमुख जिल्ला अधिकारी